(नेपाल राष्ट्र बैंक/इ.प्रा/ "घ"/८५/०७५/०७६
कम्पनी दर्ता नं.: १९२७८३/०७४/०७५)

# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड

# DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्था

**केन्द्रीय कार्यालयः बागलुङ ।**
फोन नं. ०६८-५२०२०५/५२४३५१

च.न.: ९४५ २०७९।०८०

मितिः २०८०/०१/२० गते

श्री नेपाल स्टक एक्सचेन्ज लि.

सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल

**विषयः साधारण सभाको (माइन्युट) विवरण पठाईएको बारे ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस वित्तीय संस्थाको मिति २०८०/०१/१६ गते शनिवार धौलागिरी सामुदायिक श्रोत विकास केन्द्रको सहभाहल, बागलुङ मा सपन्न चौथौ बार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) तहाँ कार्यालयको जानकारीका लागि पेश गरिएको व्यहोरा अनुरोध छ ।

दुर्गा बहादुर थापा
कम्पनी सचिव

संलग्न

१. बार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट)

# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड

को

## चौथो वार्षिक साधारण सभाका

## निर्णयहरु

सभा मिति : २०८० बैशाख १६ गते शनिवार ।

सभा समय: बिहान १० : ०० बजे ।

सभा स्थान : धौलागिरी सामुदायिक श्रोत विकास केन्द्रको सभाहल बागलुङ ।

१. **बैधानिक सभा :**

मिति २०७९ चैत्र २१ गते मंगलवार बसेको यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको ८१ औं बैठकको निर्णय अनुसार बोलाईएको संस्थाको चौथो वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०८० बैशाख १६ गते (तद्नुसार २९ अप्रिल, २०२३) ।
२.२ स्थान : धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र बागलुङको सभाहल ।
२.३ समय : विहान १० : ०० बजे ।

३. **सभाको सूचना :**

३.१ मिति २०७९ चैत्र २१ गते बसेको सञ्चालक समितिको ८१ औं बैठकले यस वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा २०८० बैशाख १६ गते शनिवार बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, स्थान र छलफल गर्ने बिषयहरु समेत उल्लेख गरी चौथो वार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै शेयरधनीहरुलाई सभाको जानकारी गराउनु पर्नेमा २३ दिन अगाडी नै मिति २०७९ साल चैत्र २३ गते राष्ट्रिय स्तरको कारोवार दैनिक पत्रिकामा सूचना प्रकाशित गरी मिति २०८० बैशाख ४ गते सोही कारोवार राष्ट्रिय दैनिक पत्रिकामा पूनः स्मरणार्थ सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित चौथो वार्षिक साधारण सभाको सूचनाको साथमा सञ्चालक समितिको तर्फवाट पेश हुने साधारण तथा विशेष प्रस्तावहरु संलग्न गरी सूचना प्रकाशित गरिएको व्यहोरा सभामा जानकारी गराईएको थियो ।

४. **गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावली २०७१ को नियम २३ मा गणपुरक संख्याको सम्बन्धमा "पब्लिक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर धनीहरुमध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् र आफ्नो प्रतिनिधि मार्फत उपस्थित नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख भएकोमा आजको चौथो वार्षिक साधरण सभामा ४३ जना शेयरधनीहरु स्वयम्वाट ५७६१३६ कित्ता शेयर र ७२ जना शेयरधनीको प्रतिनिधि मार्फत ३५०७ कित्ता गरी ५७९६४३ कित्ता उपस्थिति भएको हुँदा सभा सञ्चालनको लागी आवश्यक गणपुरक संख्या पुगेको साथै सोही बमोजिम बाँडफाँड भएको कुल शेयर संख्या १०३१००० को ५६.२२ प्रतिशत उपस्थिति भएकोले आजको चौथो वार्षिक साधारण सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिव दुर्गा बहादुर थापाबाट सभामा जानकारी भयो । साथै ताली बजाएर सभाको बैधानिकता प्रमाणित गरिदिनुहुन शेयरधनी महानुभावहरुलाई हार्दिक आग्रह गर्नुभयो र सभाबाट ताली बजाएर बैधानिकता प्रमाणित भयो ।

५. **उपस्थिति :**

(क) **सञ्चालकहरुको उपस्थिति :**

१. श्री ईश्वरलाल राजभण्डारी -अध्यक्ष
२. श्री हरि प्रसाद शर्मा - संचालक सदस्य
३. श्री सिर्जना थापा - संचालक सदस्य
४. श्री उत्तम कुमार राजभण्डारी -संचालक सदस्य
५. डा. श्री सुदर्शन सिलवाल - संचालक सदस्य

(ख) **पर्यवेक्षकहरुको उपस्थिति :**

पर्यवेक्षकको रुपमा केन्द्रीय कार्यालयका कर्मचारीहरु तथा शेयर रजिष्ट्रार सनराइज क्यापिटलका प्रतिनिधी श्री विजेन्द्र न्यूक्ष प्रधान उपस्थित हुनुभएको थियो ।

(ग) **शेयरधनीहरुको उपस्थिति :**

| शेयरधनी | उपस्थिति | शेयर स्वामित्व(कित्तामा) |
|---|---|---|
| स्वयं उपस्थिति | ४३ | ५७६१३६ |
| प्रतिनिधि मार्फत उपस्थिति(प्रोक्सी | ७२ | ३५०७ |
| जम्मा उपस्थिति | ११५ | ५७९६४३ |

(घ) **शेयरधनी उपस्थिति संख्या :**

| बिवरण | कुल शेयर संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| संस्थापक शेयरधनी | ७००००० | २० | ० | २० | ५७५००० |
| सर्वसाधरण शेयर | ३३१००० | २३ | ७२ | ९५ | ४६४३ |
| **जम्मा** | **१०३१०००** | **४३** | **७२** | **११५** | **५७९६४३** |

६. **अध्यक्षको आसन ग्रहण :**

सभाको अध्यक्षता : कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम १९ (१) मा साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्ने व्यवस्था उल्लेख भए बमोजिम आजको यस चौथों वार्षिक साधारण सभाको अध्यक्षता संस्थाका अध्यक्ष श्री ईश्वरलाल राजभण्डारीज्यूलाईले आशन ग्रहण गर्नुभएको थियो ।

७. **आसन ग्रहण :**

सभामा उपस्थित रहनु भएका सञ्चालकहरु क्रमशः संचालक श्री हरि प्रसाद शर्मा, संचालक श्री सिर्जना थापा, संचालक श्री डा. सुदर्शन सिलवाल, संचालक श्री उत्तम कुमार राजभण्डारी, तदर्थ समितिका संचालक सदस्य श्री कृष्णराज शर्मा, निर्वाचन अधिकृत श्री राम शर्मा, प्रमुख कार्यकारी अधिकृत श्री मिन बहादुर बोहरा, सनराइज क्यापिटलका प्रमुख कार्यकारी अधिकृत श्री विजयलाल श्रेष्ठ, लेखापरीक्षक सिए श्री सुनिल देवकोटा, लेखापरीक्षक सिए श्री दिपेश खतिवडा, सनराइज क्यापितलका प्रतिनिधि श्री विजेन्द्र न्यक्ष प्रधान लगायत गरिमाया सभा उपस्थिति सम्पूर्ण शेयरधनी र वित्तीय संस्थाका कर्मचारीहरुलाई कार्यकम सञ्चालक कम्पनी सचिवले आसन ग्रहण गराउनु भयो । सभाको कारवाही अगाडी बढाउन सभा अध्यक्षज्यूले कार्यक्रम सञ्चालक कम्पनी सचिवलाई अनुमति प्रदान गर्नु भयो । सो सभामा स्वागत मन्तव्य सञ्चालक श्री सिर्जना थापाले गर्नु भएको थियो भने शुभकामना मन्तव्य , सनराइज क्यापिटलका प्रमुख कार्यकारी अधिकृत श्री विजयलाल श्रेष्ठ, लेखापरीक्षक सिए श्री सुनिल देवकोटा, लेखापरीक्षक सिए श्री दिपेश खतिवडा,तदर्थ समितिका सदस्य तथा संस्थापक शेयरधनी श्री कृष्णराज शर्मा र संचालक श्री उत्तम कुमार राजण्डारी गर्नु भएको थियो । यसैगरी संस्थाको हालसम्मको प्रगति तथा आगामी कार्ययोजनाका बारेमा यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री मिन बहादुर बोहराले सभामा प्रस्तुत भएको थियो ।

८. **सभामा छलफल गरिने बिषयहरुको सूची प्रस्तुत :**

सभा सञ्चालक कम्पनी सचिवले पूर्ब निर्धारित सूचना अनुसार देहायका छलफलका बिषयहरु रहेको स्मरण गराउदै बिषयसूचिहरुको जानकारी गराउनु भएको थियो ।

९. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभाअध्यक्ष श्री ईश्वरलाल राजभण्गारी ज्यूले सञ्चालक समितिको आ.व २०७८/०७९ को बार्षिक प्रतिवेदन वाचन गरी सभामा प्रस्तुत गर्नु भयो ।

१०. सभाका अध्यक्षज्यूले सञ्चालक समितिको प्रतिबेदन प्रस्तुत गर्नु भए पश्चात कम्पनीको आ.व.२०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विबरण र अनुसूचिहरु उपर समेत आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिव तथा कार्यक्रम सञ्चालकले शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभाव छलफलमा सक्रिय रुपमा सहभागी हुनुभई निम्न बमोजिम टिप्पणी, जिज्ञासा, राय र सुझाब प्रस्तुत गर्नु भयो ।

(क) **शेयरधनी श्री कृष्णराज शर्मा :** यस वित्तीय संस्थागको चौथो बार्षिक साधारण सभामा आफ्नो विचार राख्दै यस वित्तीय संस्थाले गरेको काम कारवाहीको बारेमा भएको प्रस्तुत प्रतिवेदनबाट जानकारी प्राप्त भएकोमा धन्यवाद दिदै यस वित्तीय संस्था खप्तड लघुवित्त संस्था लि.सँग मर्जर गरी संस्था ठूलो हुन लागेकोमा खुशी लागेको र शेयर सदस्यहरुलाई हाल सम्म पनि लाभांश दिने प्रस्ताव नआएको हुदां त्यस तर्फ विचार गर्न सुझाव दिनु भएको थियो ।

११. शेयरधनी महानुभावबाट आएका महत्वपूर्ण सुझावहरुका लागि सभाका अध्यक्षज्यूबाट धन्यवाद दिदै आफ्नो तर्फबाट राय सुझाब प्रष्टाउदै शेयरधनीहरुबाट आएका गहन सुझावहरुलाई आगामी दिनमा मनन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै साधारण सभा सम्बन्धी विधि र प्रक्रियाको विषयमा समेत प्रष्ट पार्नु भयो ।

१२. **सभाबाट भएका निर्णयहरु :**

**(क) साधारण प्रस्ताव :**

**१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**

निर्धारित बिषयसूची साधारण प्रस्ताव नं.१ सञ्चालक समितिको तर्फवाट अध्यक्षज्युद्वारा आर्थिक बर्ष २०७८/०७९ को वार्षिक प्रतिबेदन माथि छलफल गरी पारित गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदन सर्वसम्मत ताली बजाएर पारित गरिएको थियो ।

**२) आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु NFRS सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

निर्धारित बिषयसूची साधारण प्रस्ताव नं.२ आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, सोही अवधीको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदन सर्वसम्मत ताली बजाएर पारित गरिएको थियो ॥

**३) कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व.२०७९/०८० को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।**

निर्धारित विषयसूचि साधारण प्रस्ताव नं. ३ कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व. २०७९।०८० को बाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा यस वित्तीय संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भई आए अनुसार यस वित्तीय संस्थाको आ.व. २०७९।८० को बाह्य लेखापरीक्षण कार्य गर्न **श्री दिपेश खतिवडा, खतिवडा दिपेश एण्ड एशोशियट्स चार्टर्ड एकाउन्टेन्स्**लाई लेखापरीक्षण कार्य सम्पन्न गरी वित्तीय विवरण, कर लेखा परीक्षण र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार NFRS प्रतिवेदन समेत तयार पार्ने गरी लेखापरीक्षण शुल्क पारिश्रमिक करवाहेक रु. १,५०,०००।- (अक्षरुपी एक लाख पचास हजार रुपैया मात्र) पारिश्रमिक र फिल्डमा अडिट गर्न आउन अडिटरको लागि खाना बास खाजा समेतको लागि दैनिक भ्रमण भत्ता बापत प्रतिदिन रु. २५०० ।- र आतेजाते खर्च संस्थाले व्यहोर्ने गरी पुनः नियुक्ती गर्न सिफारिस भए अनुसार सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सर्वसम्मत ताली बजाएर पारित गरिएको थियो ।

**४) यस वित्तीय संस्थाको संचालक समितिमा सर्वसाधारण शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन गर्ने सम्वन्धमा ।**

निर्वाचन अधिकृतबाट मिति २०८०।०१।१६ का दिन पब्लिक डाइरेक्टर १ जनाको निर्वाचन गर्नका लागि निर्वाचन कार्यक्रम प्रकाशित गरि संचालनमा रहेको अवस्था भएकाले उक्त निर्वाचन कार्य सम्पन्न गर्न निर्वाचन अधिकृत समेतलाई धन्यवाद प्रदान गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव :**

**१) एकिकृत मर्जरको क्रममा यस वित्तीय संस्थाको अधिकृत पूंजी बृद्धि गर्ने सम्वन्धमा ।**

यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड र खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड वीच गाभ्ने/ गाभिने मर्जर प्रक्रिया अन्तिम स्वीकृतीका लागि नेपाल राष्ट्र बैंकमा पेश भइ सकेकोले मर्जर पश्चात बन्ने संयुक्त वित्तीय संस्थाको अधिकृत पुजीं बृद्धि गर्न कम्पनी ऐन,२०६३ अनुसार प्रवन्धपत्र तथा नियमावली समेतमा संशोधन समेत गर्नुपर्ने भएकोले अधिकृत पुँजी रु. ६०,००,००,०००।- (अक्षरुपी साठी करोड रुपैया मात्र) र धौलागिरी लघुवित्त वित्तीय संस्था लि. र खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर एकिकृत गरी हुने चुक्ता पुँजी कायम हुने गरी प्रवन्धपत्र तथा नियमावलीहरुमा संशोधन गर्न चौथो बार्षिक साधारण सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सर्वसम्मत ताली बजाएर पारित गरिएको थियो ।

**२) नेपाल राष्ट्र बैंक तथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा मर्जरको क्रममा गर्नु पर्ने प्रबन्धपत्र/नियमावलीमा गरिने संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।**

नेपाल राष्ट्र बैंक तथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा मर्जरको क्रममा गर्नु पर्ने प्रबन्धपत्र/नियमावलीमा गरिने संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट गरिने थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा उक्त प्रस्ताव सर्वम्मत सभामा ताली बजाएर पारित गरिएको थियो ।

**३) नेपाल राष्ट्र बैंकबाट मर्जरको लागि अन्तिम स्वीकृत पश्चात खप्तड लघुवित्त वित्तीय संस्था लि.को शेयर, पूंजी, र सम्पूर्ण सम्पत्ति दायित्व एकृकित गरी धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकिकृत गरी संचालन गर्ने सम्वन्धमा ।**

नेपाल राष्ट्र बैंकबाट मर्जरको लागि अन्तिम स्वीकृत पश्चात खप्तड लघुवित्त वित्तीय संस्था लि.को शेयर, पूंजी, र सम्पूर्ण सम्पत्ति दायित्व एकृकित गरी धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकिकृत गरी संचालन गर्ने सम्वन्धमा प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा ताली बजाएर सर्वसम्मत प्रस्ताव पारित गरिएको थियो ।

**४) बैंक तथावित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ३४ तथादफा ४९ को उपदफा ४ बमोजिम बैंक तथा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकमा इजाजतपत्र लिनको लागि नेपाल राष्ट्र बैंकमा अनुरोध गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।**

बैंक तथावित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ३४ तथादफा ४९ को उपदफा ४ बमोजिम बैंक तथा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकमा इजाजतपत्र लिनको लागि नेपाल राष्ट्र बैंकमा अनुरोध गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सर्वसम्मत रुपमा ताली बजाएर पारित गरिएको थियो ।

**५) समितिहरुको सुविधा संशोधन सम्वन्धमा ।**

प्रस्ताव नं ५ माथि छलफल हुँदा- यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावली २०७५ को नियम ३२ को ख अनुसार संचालक समितिको अध्यक्ष र संचालकले पाउने प्रति बैठक भत्ता रु. ३०००।- हुनेछ भन्ने व्यवस्था रहेकोमा हाल भैराखेको मंहगी समेतलाई विचार गरी कर सहित अध्यक्षको प्रति बैठक भत्ता रु. ६०००।- र संचालकले प्रति बैठक भत्ता रु.५०००।- तथा नेपाल भित्रको दैनिक भ्रमण भत्ता बापत रु. ३५००।- का दरले पाउने गरी र संचालकहरुको उप समिति लगायतका बैठकमा समेत सोही संशोधित दुवै भत्ताहरु लागु हुनुका साथै भारतमा जादा दैनिक भ्रमण भत्ता भा.रु. प्रतिदिन ४५००।- र भारत बाहेक अन्य विदेशी मूलकमा भ्रमण गर्दा प्रतिदिन दैनिक भ्रमण भत्ता बापत अमेरिकी डलर २००।- का दरले पाउने गरी साधारण सभाबाट पारित भएका मिति देखि लागु हुने गरी संशोधनको लागि सभामा निर्णयार्थ प्रस्ताव पेश भएकोमा सर्वसम्मत ताली बजाएर पारित गरिएको थियो ।

**६) धौलागिरी लघुबित्त बित्तीय संस्था लि. र खप्तड लघुबित्त बित्तीय संस्था लि. बीच मर्जर सम्बन्धी कार्य अन्तिम चरणमा रहेकोले मर्जर पश्चात बन्ने तदर्थ समितिमा सर्वसाधारणको तर्फबाट एक जना सञ्चालक पठाउने समझदारी भए अनुरुप उक्त तदर्थ समितिमा सर्वसाधारणको तर्फ बाट प्रतिनिधित्वको लागि नाम पठाउन र मर्जर सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान सम्बन्धमा ।**

बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ संशोधन सहित २०७९ अनुसार यस संस्था तथा खप्तड लघुवित्त वित्तीय संस्था बीच गरिएको प्रारम्भिक तथा अन्तिम समझदारी पत्र अनुरुप यस संस्थाबाट संचालक समितिका अध्यक्ष रहने गरी थप एक जना संचालक तथा अर्को निर्वाचन नहुन्जेल यस संस्थाबाट थप एक जना संचालक नियुक्त गर्ने समझदारी भए अनुरुप तदर्थ समितिको रुपमा अध्यक्ष श्री ईश्वर लाल राजभण्डारी तथा बरिष्ठ अधिवक्ता श्री हरि प्रसाद शर्मा र अर्को निर्वाचन साधारण सभाबाट निर्वाचित नहुन्जेल सम्मको लागि यस समितिको तर्फबाट संचालक श्री सिर्जना थापालाई पठाउने गरी गरीएको निर्णय साधारण सभाबाट सर्वसम्मत रुपमा ताली बजाएर पारित गरिएको थियो ।

७) यस वित्तीय संस्था लिमिटेडको तर्फबाट मर्जर सम्वन्धी कार्यमा कुनै निर्णय लिनुपरेमा, नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रार कार्यालय बाट कुनै निर्देशन प्राप्त भएमा सोको जवाफ पेश गर्न तथा प्रवन्धपत्र तथा नियमावली लगायतका विषयवस्तुहरुमा आवश्यक संशोधन गर्नु परेमा, खप्तड लघुवित्त वित्तीय संस्था संग कुनै एकिकृत गर्ने क्रममा कुनै निर्णय लिनु परेमा लगायत यस भन्दा अगाडि संचालक समितीबाट गरिएका निर्णयहरु अनुमोदन गर्दै, आवश्यक नीति निर्देशन दिने

निकायहरुबाट निर्देशन प्राप्त भएमा सोको जवाफ दिनु परेमा लगायत साधारण सभाको तर्फबाट संचालक समितिलाई आवश्यक कार्य गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरिन्छ ।

**१३. बिविध प्रस्ताव अन्तरगत कुनै पनि प्रस्तावहरु दर्ता नभएकाले कुनै निर्णय भएन ।**

**१४. धन्यबाद ज्ञापन :**

संस्थाको चौथो वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितका लागि अति नै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी सञ्चालक समिति तथा व्यबस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुऱ्याउनुहुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्टार कार्यालय,नेपाल धितोपत्र बोर्ड, सिडिएसी क्लियरीङ हाउस, सनराइज क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठ तथा प्रतिनिधि विजेन्द्र न्युक्ष प्रधान, बाह्य लेखा परिक्षक सिए सुनिल देवकोटा, र सिए दिपेश खतिवडा, प्रमुख कार्यकारी अधिकृत मिन बहादुर बोहरा लगायत व्यवस्थापन समिति एबं सम्पूर्ण शाखा प्रमुख एवं कर्मचारीहरु प्रति सभाका अध्यक्षज्यूबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै उक्त चौथो बार्षिक साधारण सभा विसर्जन गदै उक्त साधारण सभा सम्पन्न गरिएको थियो ।

**( दुर्गा बहादुर थापा )**
**कम्पनी सचिव**

**(ईश्वरलाल राजभण्डारी )**
**सभाका अध्यक्ष**